# पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी विकास महाशाखा
बुटवल, रुपन्देही।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

# पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५

## प्रस्तावना

मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित, मर्यादित एवं व्यवसायिक बनाउँदै स्वच्छ, स्वस्थ एवं गुणस्तरीय पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण श्रृजनाका लागि स्थानीय तह, जिल्ला, प्रदेश र संघस्तरबाट सञ्चालन हुने पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन कार्यक्रमहरु निश्चित विधि र प्रकृया अनुसार एकरुपता कायम राखी सञ्चालन हुन सकोस भन्ने अभिप्रायले मन्त्रालय तथा मातहतका निकायहरुबाट कार्यक्रम सञ्चालन गर्न तथा प्रदेश सरकार, प्रदेश नं. ५ (कार्य विभाजन) नियमावली २०७४ अन्तर्गत यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कार्य जिम्मेवारीको बुदा नं. ३, ४ र ६ बमोजिमको कार्य जिम्मेवारी पुरा गर्न सोहि नियमावलीको कार्य जिम्मेवारीको बुँदा नं. १ को व्यवस्था र प्रदेश सरकार, प्रदेश नं. ५, आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०७५/०७६ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुदा नं. ९ बमोजिम र नेपाल सरकारको पशु वधशाला तथा मासु जाँच ऐन २०५५ तथा पशु बधशाला तथा मासु जाँच नियमावली २०५७, पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ तथा पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६, राष्ट्रिय कृषि नीति २०६१ र कृषि विकास रणनीति को व्यवसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीको आधारहरुको विकास गरी क्षेत्रिय र विश्व बजारसँग प्रतिस्पर्धात्मक वनाउने उद्देश्यले प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५" बनाइ लागु गरेको छ।

## परिच्छेद-१

### (१) संक्षिप्त नाम र प्रारम्भ

(क) यस निर्देशिकाको नाम "पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५" रहेको छ।

(ख) यस निर्देशिका प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मिति देखिं प्रदेश नं. ५ भर लागु हुनेछ ।

### (२) परिभाषाः

(क) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(ख) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास हेर्ने निर्देशनालय सम्झनु पर्नेछ।

(ग) "कार्यालय" भन्नाले मन्त्रालय तथा निर्देशनालयले तोकेको निकाय सम्झनु पर्नेछ ।

(घ) "साझेदार" भन्नाले पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धनको कार्यक्रम सहकार्यमा सञ्चालन गर्न ईच्छुक स्थानीय तह, गैर सरकारी क्षेत्र र निजी क्षेत्र समेतलाई जनाउँदछ ।

(ङ) "साझेदारी" भन्नाले पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि दुई वा दुई भन्दा बढी सरकारी निकायहरु वा सरकारी एवं गैरसरकारी क्षेत्र बीच द्विपक्षिय/वहुपक्षिय सम्झौताका आधारमा हुने सहकार्यलाई जनाउँदछ।

(च) "पशुजन्य वस्तु" भन्नाले घरपालुवा पशुपन्छी माछा तथा पशुपन्छीबाट उत्पादित ताजा वा नासवान वस्तु सम्झनु पर्दछ ।

(छ) "गैर सरकारी क्षेत्र" भन्नाले नेपाल सरकारको वा प्रदेश सरकारको सम्बन्धित निकायमा कानुन बमोजिम दर्ता भएको कृषक समूह/समिति, सहकारी संस्था, सामुदायिक संस्था, व्यवसायिक संगठन, फर्म, कम्पनी एवं निजी उद्यम समेतलाई जनाउँदछ ।

(ज) "द्विपक्षिय/वहुपक्षिय सम्झौता" भन्नाले मन्त्रालय तथा निर्देशनालयले तोकेको निकाय र साझेदारहरुका बीच पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम साझेदारीमा सम्पन्न गर्नका लागि गरीएको सम्झौता पत्र सम्झनु पर्दछ ।

(झ) "पशु संकलन केन्द्र" भन्नाले पशुपन्छीको उत्पादन पकेट क्षेत्र आसपास पायक पर्ने गरी पशुहरु जम्मा गरी बिक्री बितरण गर्ने उद्देश्यले निर्माण र सञ्चालन गरिने संरचना सम्झनु पर्दछ ।

(ञ) "चिलिङ्ग भ्याट" भन्नाले दुधलाई चिसो बनाएर संरक्षण गरी राख्न मिल्ने सुविधायुक्त विभिन्न क्षमताको स्टेनलेस स्टिलको भ्याट (ट्यांकी) सम्झनु पर्दछ ।

(ट) "मासु पसल" भन्नाले उपभोक्ताहरुलाई स्वच्छ, स्वस्थ एवं गुणस्तरीय मासु तथा मासुजन्य उत्पादनहरु बिक्री वितरण गर्ने हेतुले पशु बधशाला तथा मासु जांच ऐन २०५५ तथा पशु बधशाला तथा मासु जांच नियमावली २०५७ र मासु जाँच प्राविधिक निर्देशिका २०६४ ले निर्दिष्ट गरे अनुसारको मासु बिक्री स्थल सम्झनु पर्दछ ।

(ठ) "डेरी पसल" भन्नाले उपभोक्ताहरुलाई स्वच्छ एवं गुणस्तरीय दुध तथा दुग्धजन्य उत्पादनहरु बिक्री वितरण गर्ने उद्देश्यले यस निर्देशिका बमोजिम निर्माण/सुधार गरीएको दुध वा दुग्धजन्य पदार्थ बिक्री स्थल सम्झनु पर्दछ।

(ड) "पशु हाटबजार" भन्नाले प्रशोधित वा अप्रशोधित पशुपन्छी तथा पशुपन्छी जन्य उत्पादनहरु खरिद बिक्री गर्ने उद्देश्यले स्थापना गरीएको संरचना वा स्थान सम्झनु पर्दछ ।

(ढ) "पशुपन्छी" भन्नाले घरपालुवा गाई, भैंसी, भेंडा, बाख्रा, बंगुर जस्ता चौपाया तथा कुखुरा, अस्ट्रिच, हाँस, परेवा, टर्की जस्ता पन्छी र माछा तथा सो प्रकृतिका सबै जाति र उमेरका र भालेपोथीलाई समेत जनाउँदछ।

(ण) "पशुपन्छीजन्य उत्पादन" भन्नाले पशुपन्छी पालनबाट उत्पादित प्रशोधित वा अप्रशोधित दुध, फुल, मासु वा सो वाट तयार हुने उपभोग्य खाद्य पदार्थहरुका अतिरिक्त पशुपन्छीको छाला, ऊन, हाड र सो बाट तयार हुने बस्तु समेतलाई जनाउँदछ।

(त) "सहकारी" भन्नाले सहकारी ऐन २०७४, तथा प्रदेश सहकारी ऐन तथा स्थानीय तह सहकारी ऐन अनुसार गठित सहकारी संस्था सम्झनु पर्दछ ।

(थ) "प्रस्ताव" भन्नाले सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्नको लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको बिस्तृत लागत अनुमान सहितको कार्ययोजना सम्झनु पर्दछ ।

(द) "पशु बधशाला/बधस्थल" भन्नाले स्वच्छ, स्वस्थ एवं गुणस्तरीय मासु उत्पादन गर्ने हेतुले पशु बधशाला तथा मासु जाँच ऐन २०५५, पशु बधशाला तथा मासु जाँच नियमावली, २०५६ र पशु बधशाला तथा मासु जाँच प्राविधिक निर्देशिका, २०६४ मा परिभाषित गरीए बमोजिमको पशुपन्छी बध गर्ने संरचना/स्थानलाई जनाउँदछ।

(ध) "समिति" भन्नाले मन्त्रालय अन्तर्गत गठन भएको अनुसूचि १५ बमोजिमका समितिहरु सम्झनु पर्दछ।

(३) उद्देश्यहरु:

(क) पशुपन्छी बजार प्रवर्द्धनका कार्यक्रमहरु निश्चित विधि र प्रकृया अन्तर्गत एकरुपता कायम राखी सञ्चालन गर्ने ।

(ख) स्वच्छ, स्वस्थ एवं गुणस्तरीय पशुजन्य पदार्थको उत्पादन, प्रशोधन, विविधीकरण र बिक्री वितरण तथा उपलब्धता सुनिश्चित गर्नमा सघाऊ पुऱ्याउने।

(ग) पशु उत्पादन पकेटहरुलाई बजारसंगको आबद्धता प्रदान गर्दै जिवित पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनको बजारीकरणमा टेवा पऱ्याउने।

(घ) बजार सञ्जालको विकास एवं व्यवस्थित बजार सूचना प्रणालीको विकास गर्ने।

(ङ) पशु तथा पशुजन्य पदार्थका उत्पादक, व्यापारी, व्यवसायी एवं आम उपभोक्ताको दक्षता एवं सचेतना अभिवृद्धिमा सघाउ पुऱ्याउने ।

## परिच्छेद २

### (४) शशर्त अनुदान सम्बन्धी व्यवस्था:

मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम, बजेट र अख्तियारी बमोजिम निम्न कार्यक्रमहरु सञ्चालन गर्नका लागि नगद अनुदान मात्र प्रवाह गरिनेछ ।

(क) मन्त्रालयबाट स्वीकृत देहायमा उल्लेखित कार्यक्रमहरु देहायका साझेदारहरुसँग गर्न सकिनेछ। सम्भावित साझेदारहरुसँग सहकार्यमा प्रति इकाई ५० प्रतिशतमा नबढ्नेगरी सम्झौता गरिनेछ ।

| क्र.स. | कार्यक्रम | सम्भावित साझेदारहरु |
|---|---|---|
| १. | पशु बधशाला निर्माण/सुधार | स्थानीय तह, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन, सहकारीसंस्था, फर्म, कम्पनी, निजी उद्यमी |
| २. | पशु बधस्थल निर्माण/सुधार | स्थानीय तह , उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन, सहकारीसंस्था, फर्म, कम्पनी, निजी उद्यमी |
| ३. | पशुहाटबजार निर्माण/सुधार | स्थानीय तह, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन, विद्यालय वा देवालय संचालक समिति, सहकारी संस्था |
| ४. | साना डेरी उद्योग प्रवर्द्धन | दुग्ध उत्पादक सहकारी संस्था, व्यावसायिक संघ /संगठन, डेरी उद्यमी, फर्म, कम्पनी |
| ५. | पशु संकलन केन्द्र | कृषक समूह/समिति, सहकारी संस्था, व्यावसायिक निर्माण/सुधार संघ/ संगठन, स्थानीय तह |
| ६. | पशुपन्छीजन्य उद्योग प्रवर्द्धन | कृषक समूह/समिति, सहकारी संस्था, व्यावसायिक ऊन, छाला, हाड, मासु प्रशोधन उद्योग र अन्य संघ/संगठन, फर्म, कम्पनी, निजी उद्यमी |
| ७. | चिलिङ्गभ्याट स्थापना (५००-३००० लिटर) | दुग्ध उत्पादक सहकारी संस्था, डेरी उद्योग, दुग्ध व्यवसायी |
| ८. | डेरी पसल सुधार | दुग्ध उत्पादक सहकारी संस्था, डेरी उद्योग, दुग्ध व्यवसायी |
| ९. | मासु पसल सुधार | स्थानीय निकाय, मासु व्यावसायी संघ/समिति, कृषक समुह/समिति, मासु उद्यमी/व्यापारी |
| १०. | दुध ढुवानी टयांकर खरिद | दुग्ध उत्पादक सहकारी संस्था, डेरी उद्योग, दुग्ध व्यवसायी |
| ११ | व्यवसायिक फर्मका लागि पशुपन्छी पदार्थ तथा दाना ढुवानीका लागि पिकअप खरिद | पशुपन्छीपालक व्यवसायिक कृषक/फार्म |
| १२ | लेयर्स कुखुराको केज निर्माण | कुखुरापालक व्यवसायी |

| | | |
|---|---|---|
| १३. | ग्रामीण ह्याचरी स्थापना | कुखुरापालक व्यवसायी |
| १४. | व्यवसायिक ह्याचरी स्थापना | कुखुरापालक व्यवसायी/ह्याचरी व्यवसायी |

(ख) दफा ४ (क) मा अधिकतम साझेदारी रकमको जुनसुकै सिमा तोकिएको भए पनि वार्षिक स्वीकृत कार्यक्रमको परिधि भित्र रही आर्थिक अनुदान प्रदान गरेर कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन ।

(ग) पूँजिगत कार्यक्रमहरुमा साझेदारी गर्दा ५०:५० को लागत सहभागिताका आधारमा सञ्चालन गरिनेछ। अर्थात सम्वन्धित कार्यक्रम सञ्चालनका लागि प्रस्तावकले पेश गरेको कुल वजेटको ५० प्रतिशत रकम अनुदानबाट र बांकी ५० प्रतिशत रकम सम्बन्धित साझेदारले आफ्नो आन्तरिक श्रोतबाट लगानी गरी कार्यक्रम सम्पन्न गर्नु पर्नेछ । तर जग्गाको मुल्याङ्कनलाई साझेदारी रकममा संलग्न गर्न पाईने छैन ।

(घ) सम्भावित साझेदारहरुको छनौट गर्दा दफा ४ (क) मा उल्लेखित क्रममा प्राथमिकता प्रदान गरिनेछ ।तर निश्चित उद्देश्य प्राप्तिका लागि मन्त्रालयले निश्चित कार्यक्रम मात्र साझेदारलाई निश्चित समयसम्म अग्राधिकार वा प्राथमिकता प्रदान गर्न सक्नेछ ।

(ङ) एउटै साझेदारलाई एक पटक भन्दा बढी वा अन्य कुनै सरकारी निकायबाट अनुदान प्राप्त गरीसकेको साझेदारलाई २ वर्ष सम्म पुनः अनुदान प्रदान गरिने छैन तर अपूरो निर्माण कार्यसम्पन्न गर्न थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदन प्राप्त भएमा पुनःसाझेदारी गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ३

(५) प्रस्ताव आव्हान र पेश गर्ने विधि:

(क) मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार ३०, दिने सार्वजनिक सूचना प्रकाशन गरी साझेदारीमा सञ्चालन हुने पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि अनुसूची १ बमोजिम प्रदेश स्तरको वा राष्ट्रिय पत्रिकामा प्रस्ताव आव्हान गर्नेछ । सूचना तोकिएको कार्यालयको सूचना पाटीमा अनिवार्य रुपले टांस गर्नु पर्नेछ र मन्त्रालयको वेब साईटमा समेत प्रकाशित गरिनेछ ।

(ख) सूचनामा उल्लेख भए मुताबिकका इच्छुक साझेदारहरुले निर्धारित समय भित्र अनुसूची २ बमोजिमको निवेदन, अनुसूची ३ मा उल्लेख भएका कागजातहरु, अनुसूची ४ बमोजिमको सम्बन्धित कार्यालयको सिफारिस, अनुसूची ५ बमोजिमको प्रस्ताव पत्र, रु १० लाख वा सो भन्दा बढीको साझेदारी प्रस्तावको हकमा अनुसूची ६ बमोजिमको संक्षिप्त व्यावसायिक कार्ययोजना, अनुसूची ७ बमोजिमको लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र, सम्बन्धी र सहित निर्धारित समय सिमा भित्र सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

(ग) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन ।

(६) प्रस्ताव छनौट:

(क) दफा ५ बमोजिम पेश हुन आएका प्रस्तावहरु मूल्यांकन समितिले अनुसूची ८ वमोजिमको निर्धारित मापदण्डका आधारमा मुल्यांकन गरी प्राथमितकताक्रम निर्धारण गर्नेछ ।

(ख) यसरी प्राथमिकताक्रम निर्धारण गर्दा वढी अंङ्क प्राप्त गरी अग्रणी स्थान हासिल गर्न सफल प्रस्तावकहरुलाई अनुदान व्यवस्थापन समिति समक्ष पेश गर्ने छ ।अनुदान व्यवस्थापन समितिले प्राविधिक समितिबाट प्राप्त प्राथिमकताका प्रस्तावहरुको मात्र योग्यता क्रम निर्धारण गरी अनुसुची ९ वमोजिमको स्थलगत अनुगमनका लागि प्राविधिक समितिलाई निर्देशन दिनेछ । स्थलगत अनुगमनको एउटा टोलीमा कम्तिमा २ जना सदस्यको व्यवस्था गरिने छ।

अनुदान व्यवस्थापन समितिले औचित्यता हेरी १ जना प्राविधिक समितिका सदस्य र एकजना अन्य वा दुवै जना प्राविधिक समितिको सदस्यहरुलाई स्थलगत अनुगमनमा पठाउने छ ।

(ग) प्राविधिक समितिले स्थलगत प्रमाणिकरण र प्रस्ताव मुल्यांकनको प्राप्ताङ्कको आधारमा पुनः प्राथमिकता निर्धारण गरी अनुदान व्यवस्था समिति समक्ष अन्तिम निर्णयका लागि पेश गर्ने छ । अनुदान व्यवस्थापन समितिको निर्णयबाट उपयुक्त प्रस्तावहरुको छनौट गर्नेछ ।

(घ) यसरी छनौट हुन सफल भएका आवेदकहरुलाई मन्त्रालय वा सम्बन्धित कार्यालयले सो कुराको जानकारी गराई द्विपक्षिय सम्झौताका लागि बोलाउनेछ ।

(७) द्विपक्षिय सम्झौताः

(क) मन्त्रालयले दफा (६) बमोजिम छनौट भएका आवेदकहरुसंग पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि अनुसूची १० बमोजिमको द्विपक्षिय सम्झौता गर्नेछ ।

(ख) मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यलयले समेत प्रथम पक्षको आधिकारीक प्रतिनिधिको रुपमा सम्बन्धित साझेदारसंग द्विपक्षिय सम्झौता गर्न सक्नेछ ।

(ग) द्विपक्षिय सम्झौतामा उल्लेखित बुँदाहरुलाई साझेदारी कार्यक्रम सञ्चालनको मूल आधार मानिनेछ ।

(८) भुक्तानी प्रकृयाः

(क) मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयले सम्वन्धित खर्च शिर्षकबाट साझेदारी रकम उपलब्ध गराउने छ ।पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दा विनियोजित बजेटको बढीमा २.५ प्रतिशत बराबर रकम कन्टिन्जेन्सी वापत कट्टा गरी विशेषज्ञको परामर्श सेवा, मर्मत संभार र निर्माणकार्यको सुपरभिजन, प्राविधिक सेवा, हेरालु कार्यमा मात्र खर्च गर्न सकिनेछ । तर सो कुरा सम्बन्धित साझेदारसंग गरिने द्विपक्षिय सम्झौता पत्रमा उल्लेख गरीएको हुनु पर्नेछ ।

(ख) मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयले साझेदारसग द्विपक्षिय सम्झौता गर्दा कुन कार्यक्रम सञ्चालन गर्न कति रकम अनुदान उपलव्ध गराउने हो र सो रकम कुन विधिबाट भुक्तानी गरीन्छ भन्ने कुरा स्पष्ट खुलाउनु पर्नेछ ।

(ग) सामान्यतयाः अनुदान रकमको भुक्तानी दुई किस्तामा सम्बन्धित साझेदारको बैङ्क खातामा जम्मा गरिने छ । तर डेरी पसल सुधार, मासुपसल सुधार र चिलिङ्ग भ्याट स्थापना जस्ता थोरै अनुदान रकम प्रदान गरिने कार्यक्रमहरुको भुक्तानी कार्यसम्पन्न भए पश्चात एकमुष्ठ रुपमा बैङ्क खातामा जम्मा गरिने छ ।

(घ) सम्वन्धित साझेदारले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्यसम्पन्न गरी नियमानुसारको बिबिल/बिजक, दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन, रनिङ्ग बिल तथा अन्य आवश्यक कागजातहरु सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयले स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा बिलको आधारमा सम्पन्न भएको कामको मात्र भुक्तानी दिनेछ ।

(ङ) प्रस्तावकले मेशिनरी, उपकरण, ढुवानीको साधन तथा अन्य सामानहरु खरिद गर्दा स्पेसिफिकेसन, निर्मित कम्पनी, देश, फर्म र दरभाउपत्र पेश गरी स्वीकृत भए पश्चात मात्र खरिद गर्नुपर्नेछ । सम्झौता मिति भन्दा अगाडी मेशिनहरु खरिद गरी जारी गरीएको भ्याट बिलको मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयले रकम भुक्तानी दिन बाध्य हुने छैन ।

## परिच्छेद ४

(९) पशु बधशाला/बधस्थल निर्माण/सुधार कार्यक्रमः

यस कार्यक्रम सञ्चालनका लागि स्थानीय तह, उद्योग बाणिज्य संघ, व्यवसायिक संघ/संगठन, फर्म, कम्पनी र निजी उद्यमीहरुसंग लागत साझेदारीमा पशु बधशाला/बधस्थल निर्माण/सुधार गरिनेछ ।

(१०) पशु बधशाला/बधस्थल निर्माण/सुधार प्रकृयाः

(क) मन्त्रालय वा तोकेको कार्यालयले पशु बधशाला/बधस्थल निर्माण/सुधार सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि प्राप्त कार्यक्रम बजेट र अख्तियारी अनुसार यसै निर्देशिकाको परिच्छेद ३ को दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट प्रदत्त अधिकार बमोजिम पशु बधशाला/बधस्थल निर्माण, सञ्चालन र नियमनमा स्थानीय तहको अहम भूमिका र दायित्व रहने भएकाले पशु बधशाला/बधस्थल निर्माण/सुधारको कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहलाई प्राथमिकता प्रदान गरिनेछ ।

(ग) पशु बधशाला/बधस्थलको भौतिक संरचनाको मूल स्वरुप अनुसूची ११ बमोजिमको हुनु पर्नेछ तर स्थान विशेषको आवश्यकता मुताविक सम्बन्धित विषय विशेषज्ञको परामर्श लिई गरीएको सामान्य परिमार्जन सहितको पशु बधशाला/बधस्थल निर्माण/सुधारमा लागत साझेदारी गर्न बाधा पर्ने छैन ।

(घ) पशु बधशाला/बधस्थल निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागि खर्च गर्न सकिनेछ ।

(१) पशु बधशाला/बधस्थलको भवन निर्माण र सुधार गर्न ।

(२) पशु बधशाला/बधस्थलमा प्रयोग हुने औजार उपकरणहरु जस्तै ह्याङ्गर, हुक, ट्रली, रेल, डिबोनर, स्क्याल्डर, डिफिदरर, टेवल, स्टनिङ्ग डिभाईस, प्याकेजिंग मेशिन, चक्कु, चपर, बोन स, डिप फ्रिज तथा नाश भएर नजाने अन्य औजार उपकरणहरु खरिद गर्न ।

(३) बायो ग्याँस प्लान्ट, रेण्डरिङ्ग प्लान्ट तथा शौचालय निर्माण/सुधार गर्न ।

(४) बिजुलि बत्ति, ढल निकास, ओभरहेड ट्यांकी, पाईप फिटिङ्ग, वाटर सेनिटाईजर, वेष्ट डिस्पोजल र पानी तान्ने मेशिन जडान आदि ।

(५) बधशाला/बधस्थलको भुंईमा र भित्तामा (कम्तिमा ६ फिट उचाई सम्म) सेतो टायल लगाउन ।

(६) किरा झिंगा नपस्ने व्यवस्था र अन्य जैविक सुरक्षाका विधि अवलम्बन गर्न ।

(७) बजार लक्षित पशु बधशाला निर्माण कार्यक्रम अन्तर्गत मासु चिस्यान घर निर्माण र मासु ढुवानीका लागि रेफ्रिजरेटेड भ्यान खरिद गर्न ।

(ङ) पशु बधशाला, बधस्थल निर्माण/सुधारमा साझेदारी गर्नको लागि निम्नलिखित पूर्व शर्तहरु पुरा भएको हुनुपर्नेछ ।

(१) अनलोडिग प्लेटफर्म, होल्डिंग यार्ड, ल्यारेज, स्टनिङ्ग, ब्लिडिङ्ग, स्किनिङ्ग, डिबोनिङ्ग, चपिङ्ग, फ्रिजिङ्ग, प्याकेजिङ्ग, डिस्प्याच, अफिस र सेक्युरिटीका लागि प्रयाप्त ठाउँ ।

(२) स्वच्छ एवं यथेष्ट पिउने पानीको श्रोत ।

(३) ढल निकास तथा फोहोर मैला व्यवस्थापनका लागि प्रयाप्त ठाउँ र जग्गाको उपलब्धता ।

(४) बाटो, बिजुली र बजारको सुविधा ।

(५) नयाँ स्थापना हुने र पुराना दुबै किसिमका बधशालाको हकमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र बधस्थलको हकमा स्थानीय निकायको सिफारिस सर्जमिन मुचुल्का ।

(६) सम्बन्धित साझेदारले स्वस्थकर मासु उत्पादन बिधि (Hygienic practice) र (HACCP) सिद्धान्तको परिपालना गर्न मन्जुर भएको हुनु पर्नेछ।

(७) पशुबधशाला निर्माण र सुधार गर्न साझेदार निकायसंग आफ्नै स्वामित्वको कम्तिमा १५ रोपनी जग्गा हुनु पर्ने छ र उक्त स्थान उपमहानगरपालिका र नगरपालिकाको शहरी क्षेत्र भन्दा बाहिर अवस्थित रहनु पर्ने

छ । निर्मित पशुबधशालाको जग्गा सोही कार्य निरन्तरता सहित १० बर्षको लागि बिक्री रोक्का गरिनेछ ।

(८) चिस्यान घर र मासु ढुवानीको लागि रेफ्रिजेरेटेड भ्यान भएको प्रस्तावकलाई प्राथमिकता दिइनेछ ।

(च) पशु बधशाला/बधस्थल निर्माण/सुधार सम्बन्धी अन्य कुराहरुको हकमा पशु बधशाला तथा मासु जाँच ऐन २०५५, पशु बधशाला तथा मासु जाँच नियमावली, २०५७ र पशु बधशाला तथा मासु जाँच प्राविधिक निर्देशिका, २०६४ बमोजिम गर्न सकिनेछ ।

## परिच्छेद ५

### (११) पशु हाटबजार निर्माण/सुधार कार्यक्रमः

स्थानीय तह, सहकारी र निजी क्षेत्र समेतको लगानी, सहभागिता र व्यवस्थापनमा सुविधायुक्त पशु हाटबजारहरुको विकास र विस्तार गर्नुका अतिरिक्त हाल सञ्चालनमा रहेका पशु हाटबजारहरुको पूर्वाधार सुधार गर्न पशु हाटबजार निर्माण/सुधारको कार्यक्रम सञ्चालन हुनेछ ।

### (१२) पशु हाटबजार निर्माण/सुधार प्रकृयाः

(क) सम्बन्धित कार्यालयले पशु हाटबजार निर्माण/सुधार सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि प्राप्त कार्यक्रम बजेट र अख्तियारी मुताबिक यसै निर्देशिकाको परिच्छेद ३, दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

(ख) स्थानीय तह, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन, ,व्यक्ति समूह वा सहकारी संस्थाहरु संगको लागत साझेदारीमा नयाँ पशु हाटबजारको निर्माण वा हाल सञ्चालनमा रहेका पशु हाटबजारहरुको पूर्वाधार सुधार गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

(ग) खासगरी पूर्वपश्चिम राजमार्ग आसपासका क्षेत्रहरुमा सञ्चालन गर्ने गरी प्रस्तावित पशु हाटबजार निर्माण/सुधार कार्यक्रमलाई प्राथमिकता प्रदान गरिनेछ ।

(घ) यस निर्देशिका बमोजिम अनुदान उपलब्ध गराई निर्माण/सुधार गरिने पशु हाटबजारहरुमा ब्यापारी, खरिदकर्ता तथा पशुपन्छीका लागि न्युनतम भौतिक सुविधाहरु उपलब्ध हुनुका साथै मानव र पशुकल्याण समेत सुनिश्चित गर्नका लागि असल बजार ब्यवस्थापन अभ्यास अवलम्बन गर्न अभिप्रेरित गरिनेछ ।

(ङ) पशु हाटबजार निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागि खर्च गर्न सकिनेछ ।

(१) व्यापारी र पशुहरुलाई प्रचण्ड गर्मी र बर्षाबाट बचाउन टहरा निर्माण ।
(२) ढल निकासको व्यवस्था र भुई ढलान ।
(३) पशुहरुलाई गाडीबाट ओराल्न र चढाउनको लागि प्लेटफर्म निर्माण ।
(४) व्यापारी/खरिदकर्ता र पशुहरुलाई खानेपानीको व्यवस्था ।
(५) आवश्यकता अनुसार शौचालय र खाजाघरको व्यवस्था ।
(६) फोहर व्यवस्थापनको लागि बायोग्याँस प्लान्ट स्थापना ।
(७) फोहोर मैला संकलन गर्ने भाडा, औजार, उपकरणको व्यवस्था ।
(८) पशु हाटबजार कार्यालय र पशुपन्छीको स्वास्थ्य परीक्षण र औषधोपचार कक्ष निर्माण ।
(९) पशु हाटबजार प्रवेश मार्ग सुधार ।
(१०) सूचना पाटी र होर्डिङ्ग वोर्डको व्यवस्था ।
(११) बिजुली बत्तीको व्यवस्था ।

(१२) पशु तौलने उपकरणको व्यवस्था ।
(१३) बजार क्षेत्रको बार बन्देज (काँडेतार प्रयोग गर्न नपाईने) ।
(१४) जैविक सुरक्षाको लागि आवश्यक संरचना र व्यवस्था ।

(च) यस निर्देशिका बमोजिम अनुदान रकमबाट निर्माण/सुधार गरिने पशु हाटबजारमा हुनुपर्ने न्युनतम पूर्वाधारहरुः

(१) पशु हाटबजारलाई पर्खालले घेरेर भित्र पस्न र निस्कनको लागि निश्चित स्थानमा ढोकाको व्यवस्था ।
(२) पशु हाटबजारमा जैविक सुरक्षा सुनिश्चित गर्न मूल ढोकामा अनिवार्य रुपमा निसंक्रमण गर्ने औषधीयुक्त फुटबाथ र उपयुक्त क्षेत्रमा डिस्पोजल पिटको व्यवस्था ।
(३) विभिन्न जातका पशुहरु राख्नको लागि अलग अलग स्थानको व्यवस्था ।
(४) पशुहरु राख्ने टहराको व्यवस्था ।
(५) पशु तथा मानिसका लागि स्वच्छ तथा सफा पिउने पानीको व्यवस्था ।
(६) पशुहरुको लागि आवश्यक पर्ने दाना, घाँस, नल, पराल आदि राख्ने ठाँउको उचित प्रवन्ध ।
(७) पशुहरुलाई लोड अनलोड गर्ने प्लेटफर्मको व्यवस्था ।
(८) कृषक, व्यवसायी, खरिदकर्ता तथा बिक्रेताहरुको लागि विश्राम गृह तथा शैचालयको व्यवस्था ।
(९) पशु हाटबजारमा ल्याइने र बिक्री गरिने पशुको रेकर्ड अध्यावधिक गरी राख्नको लागि अभिलेखीकरणको आवश्यक प्रवन्ध ।
(१०) पशु हाटबजार भित्र पशु स्वास्थ्य सेवा प्रदान गर्न तथा बिक्री भएका पशुहरुको स्वास्थ्य परिक्षण गरी निरोगिताको प्रमाणपत्र जारी गर्नका लागि नेपाल पशु चिकित्सा परिषदमा दर्तावाल भेटेरिनरियन र डिस्पेन्सरी सेवाको व्यवस्था ।
(११) तराई क्षेत्रका पशु हाटबजार परिसरमा Concrete wallowing pit वा shower को व्यवस्था।

(छ) पशु हाटबजार निर्माण/सुधारका लागि सम्बन्धित साझेदारले तराईमा भए कम्तीमा २ हेक्टर र पहाडमा भए १ हेक्टर आफ्नै स्वामित्वको जग्गाको जग्गाधनी प्रमाण पुर्जा प्रस्ताव पत्रका साथ पेश गर्नु पर्नेछ ।

(ज) यस निर्देशिका बमोजिम निर्माण/सुधार गरिने पशु हाटबजारमा व्यवस्थापन समितिको गठन, सहभागितामुलक गुरु योजना तर्जुमा, र बजार सञ्चालनबाट भएको आम्दानीको १५ प्रतिशत रकम वार्षिक रुपमा बजार पूर्वाधार निर्माण, मर्मत सम्भार र व्यवस्थापनमा खर्च गर्नेजस्ता कार्यहरु गर्नु पर्नेछ ।

(झ) यस निर्देशिका बमोजिम निर्माण/सुधार हुने पशु हाटबजारको स्वामित्व र सञ्चालन गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ । तर मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयको सहमती लिई स्थानीय तह, सहकारी संस्था, व्यावसायिक संघ/संगठन, गैर सरकारी संस्था, सामुदायिक संस्था, उद्यमी र व्यवसायीहरुलाई निजको कार्यानुभव र व्यवस्थापकीय क्षमताको आधारमा स्वामित्व यथावत राखी व्यवस्थापन र सञ्चालन शशर्त हस्तान्तरण गर्न सकिनेछ ।

(ञ) प्रदेश सरकारको समेत आर्थिक लगानीमा निर्माण/सुधार गरीएको पशु हाटबजारको भौतिक संरचनामा परिवर्तन वा भत्काउनु/हटाउनु पर्ने भएमा मन्त्रालय वा सम्वन्धित कार्यालयको पूर्व स्वीकृति अनिवार्य लिनु पर्नेछ ।

## परिच्छेद ६

### (१३) मेला/महोत्सव/प्रदर्शनी/फेस्टीवल प्रवर्द्धन कार्यक्रमः

पशुपन्छी व्यवसाय प्रवर्द्धन, कृषि, औद्योगिक र पर्यटन क्षेत्रसंग सम्बन्धित मेला/महोत्सव/प्रदर्शनीहरुको सहआयोजक, प्रवर्द्धन र सहजकर्ताको रुपमा आर्थिक सहभागिता जनाई पशुपन्छी उद्योग/बजारको प्रर्वद्धन गर्ने उद्देश्यले मेला/महोत्सव/प्रदर्शनी फेस्टीवल प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

(१४) मेला/महोत्सव/प्रदर्शनी/फेस्टीवल प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया:

(क) मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयले आफ्नो वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम प्रदेश स्तर वा जिल्लास्तरका मेला/महोत्सव/प्रदर्शनीहरुमा आर्थिक सहयोग प्रदान गरी सहआयोजक, प्रायोजक, प्रवर्द्धक, सहजकर्ताको रुपमा सहभागिता जनाउन सक्नेछ ।

(ख) मेला/महोत्सव/प्रदर्शनी/फेस्टीवलका आयोजकहरुले मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयमा मेला/महोत्सव/प्रदर्शनीहरुमा आर्थिक सहयोग प्रदान गरी आयोजक, प्रायोजक, प्रवर्द्धक, सहजकर्ताको रुपमा सहभागिताका लागि आधिकारीक अनुरोध गर्न सक्नेछन् ।

(ग) यसरी आर्थिक सहयोगका लागि अनुरोध भै आएका निवेदन उपर अनुदान व्यवस्थापन समितिबाट कुन संस्थालाई कति रकम उपलब्ध गराउने भन्ने निर्णय गरिनेछ ।

(घ) यसरी सहकार्यका लागि छनौट भएका मेला/महोत्सव/प्रदर्शनी/फेस्टीवलका आयोजकसंग मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयले अनुसूची १३ बमोजिमको द्विपक्षिय सम्झौता गर्नेछ । सहयोग रकमको भुक्तानी लगायतका अन्य शर्तहरु उक्त सम्झौता र प्रचलित कानुन वमोजिम हुनेछ ।

(ङ) मन्त्रालय वा तोकिएको कार्यालयले प्रदान गर्ने सहयोग रकम मेला/महोत्सव/प्रदर्शनीको प्रचार प्रसार; जन चेतनामूलक पोस्टर, पम्पलेट, ब्रोसर आदिको छपाई, स्टल सजावट र व्यवस्थापन, पुरस्कार र सम्मान, अन्तरकृया गोष्ठि, प्राविधिक कार्यपत्र तयारी र प्रस्तुती जस्ता कार्यमा खर्च गर्न सकिनेछ ।

(च) सहकार्य गरीएका मेला/महोत्सव/प्रदर्शनी/फेस्टीवल स्टलमा खटिएका कर्मचारीलाई प्रदेश नं. ५ प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधी र मितव्ययिता सम्वन्धी निर्देशिका, २०७५ र प्रचलित नियम अनुसार खर्च उपलब्ध गराईने छ ।

## परिच्छेद ७

(१५) दिवस/झाँकी प्रदर्शनी कार्यक्रम:

निजामती सेवा दिवस, गणतन्त्र दिवस वा यस्तै प्रकारका राष्ट्रिय महत्वका र कृषि तथा सहकारी संग सम्बन्धित दिवस समारोहहरुमा प्रदेश सरकारको आव्हान मुताबिक मन्त्रालयको तर्फबाट सहभागिता र ऐक्यबद्धता जनाउदै मन्त्रालयका कृयाकलाप र उपलब्धिहरु झल्कने किसिमको झाँकी प्रदर्शन गरी जन मानसमा सचेतना अभिवृद्धि गर्न तथा राष्ट्रिय महत्वका दिवसहरु मनाउने कार्यक्रम गरिनेछ ।

(१६) दिवस/ झाँकी प्रदर्शन कार्यक्रम सञ्चालन प्रकृया:

(क) मन्त्रालयले आफ्नो वार्षिक स्वीकृत कार्यक्रममा आवश्यक बजेटको व्यवस्था गरी दिवस/झांकी प्रदर्शन र समारोहहरुको आयोजना गर्नेछ ।

(ख) झाँकी प्रदर्शनलाई प्रभावकारी बनाउन मन्त्रालयका सचिवको अध्यक्षतामा यस मातहतका कार्यलयहरुको बैठक डाकी आवश्यक छलफल, पूर्व तयारी र जिम्मेवारी बाँडफाँड गरिनेछ ।

(ग) यस कार्यक्रमका लागि विनियोजित बजेट निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

(१) झाँकीका लागि आवश्यकता अनुसार सवारी साधन र अन्य उपयुक्त साधन भाडामा लिन ।

(२) इन्धन खरिद र विद्युतिय सामग्री खरिद वा भाडामा लिन ।

(३) सजावटका सामग्रीहरु खरिद र ढुवानी ।

(४) प्रचार प्रशार सामग्री तयारी, खरिद र छपाई ।

(५) तुल, व्यानर, पोस्टर छपाई ।

(६) प्रदर्शनका लागि सान्दर्भिक डमी निर्माण र खरिद ।

(७) झाँकी प्रदर्शनमा संलग्न हुनेहरुको खाजा भत्ता ।

(घ) झाँकी प्रदर्शनमा संलग्न कर्मचारीहरुलाई प्रदेश नं. ५ प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधी र मितव्ययिता सम्वन्धी निर्देशिका, २०७५ र प्रचलित नियम अनुसार खर्च उपलब्ध गराईने छ ।

(ङ) दिवस/ समारोहहरु आयोजना गर्दा नेपाल सरकार वा प्रदेश सरकारको प्रचलित गोष्ठी सम्बन्धी नर्म्सका आधारमा खर्च गर्न सकिनेछ । आर्थिक कारोवार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रदेश नं. ५ प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश नं. ५ प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधी र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ तथा प्रचलित कानूनबमोजिम हुनेछ।

## परिच्छेद ८

**(१७) सचेतना अभिवृद्धि कार्यक्रम:**

प्रदेशका विभिन्न भागमा पशु विकासमा कृयाशिल स्थानीय तह, सहकारी संस्था, गैरसरकारी संघ/संस्था, कृषक समूह/समिति/सहकारी, उद्यमी, व्यावसायी, उपभोक्ता, संचारकर्मी र अन्य सरोकारवालाहरु माझ सचेतना अभिवृद्धिका लागि यस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

**(१८) सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन प्रकृया:**

(क) मन्त्रालयले आफ्नो वार्षिक स्वीकृत कार्यक्रम अनुसार सचेतना अभिवृद्धि सम्बन्धी निम्न कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ:

(१) स्वच्छ मासु, फुल उत्पादन र उपभोग प्रवर्द्धनका लागि सचेतना गोष्ठी।

(२) स्वच्छ दुध उत्पादन र उपभोग प्रवर्द्धनका लागि सचेतना गोष्ठी।

(३) पशु हाटबजारसंग सम्वन्धित अन्तरकृया गोष्ठी।

(४) उपभोक्तावादी संघ/संस्थासंगको समन्वयमा सचेतना गोष्ठी।

(५) जनचेतनामूलक सामग्रीहरुको प्रसारण।

(६) जनचेतनामूलक सामग्रीहरुको छपाई र वितरण।

(७) यस्तै प्रकृतिका सचेतनामूलक श्रव्य दृष्य सम्बन्धित कार्यक्रमहरु ।

(ख) मन्त्रालय अन्तर्गतका कार्यालयहरु र स्थानीय तहको समन्वयमा सान्दर्भिक सरोकारवालाहरुलाई आमन्त्रण गरी पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थ उत्पादक, संकलक, प्रशोधक, व्यवसायी, व्यापारी, उपभोक्ता, संचारकर्मी आदिको सचेतना अभिवृद्धिसंग सम्वन्धित बिषयमा मन्त्रालयले अन्तरक्रिया गोष्ठीहरुको आयोजना गर्न सक्नेछ ।

(ग) त्यस्ता गोष्ठीहरुमा गोष्ठी आयोजनाको उद्देश्यसंग मेल खानेगरी दुध, फुल र मासु जस्ता पशुजन्य पदार्थको उत्पादन, संकलन, प्रशोधन, भण्डारण र बजारीकरणमा गर्नुपर्ने सुधार तथा पशु वधशाला/बधस्थल र मासु पसल सुधार सम्वन्धि विद्यमान ऐन कानुनको कार्यान्वयनलाई सघाऊ पुग्ने किसिमका कार्यपत्रहरु प्रस्तुत गर्नु पर्नेछ।

(घ) सचेतनामूलक गोष्ठी र अन्तरकृया जस्ता कार्यक्रमहरु उपभोक्तावादी संघ/संस्था संगको समन्वय र अगुवाईमा अनुसूची १४ बमोजिमको द्विपक्षिय सम्झौतामा उल्लेख भए अनुसार सञ्चालन गर्न सकिनेछ । आर्थिक कारोवार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र प्रदेश नं. ५ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश नं. ५ प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधी र मितव्ययिता सम्वन्धी निर्देशिका, २०७५ तथा प्रचलित कानून बमोजिम हुनेछ।

(ङ) त्यसैगरी आम उपभोक्ताको हित संरक्षणमा सघाउ पुग्ने गरी पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थको उत्पादन, बिक्रीवितरण र उपभोग प्रवर्द्धनमा सहायक हुन सक्ने किसिमका जनचेतनामूलक श्रव्यदृष्य सामग्रीहरु (Audio-visuals) प्रकाशन, प्रसारण र वितरण गर्न सकिनेछ ।

(च) जनचेतनामूलक सामग्रीहरु रेडियो, टेलीभिजन, पत्रपत्रिका तथा आम संचारका माध्यमहरु मार्फत प्रचार प्रसार गरी सरोकारवालाहरुलाई सुसूचित गर्न सकिनेछ ।

(छ) वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारी मुताबिक जनचेतनामूलक सामग्रीहरुको उत्पादन र प्रचार प्रसारका लागि अनुसूची १४ बमोजिमको सेवा करार संझौता गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

## परिच्छेद ९

(१९) मिट मार्ट स्थापना:

प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ले स्थानीय तह , मासु व्यवसायी संघ/समिति, कृषक समुह/ समिति, मासु उद्यमी र व्यवसायीहरुसंगको लागत साझेदारीमा व्यवस्थित मीट मार्ट स्थापना कार्यक्रम सहकार्यमा सञ्चालन गर्नेछ। पशु बधशाला र बधस्थलमा पशु बध गरेर मासुको स्वच्छता र गुणस्तर कायम हुने गरी थोक तथा खुद्रा मासु बिक्री वितरण गर्न गराउन व्यवस्थित मासु बजारको अवधारणालाई मूर्त रुप दिन यस निर्देशिकाले टेवा पुर्‍याउने छ।

(२०) मिट मार्ट स्थापना कार्यक्रम सञ्चालन प्रकृया:

(क) सम्बन्धित कार्यालयले पशुपन्छीजन्य उद्योग प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि स्वीकृत कार्यक्रम, बजेट र अख्तियारी मुताबिक यसै निर्देशिकाको परिच्छेद ३, दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

(ख) मीट मार्ट स्थापना कार्यक्रम सञ्चालन गर्दा मासुको कारोबारमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने स्थानीय तह, मासु व्यवसायी संघ/समिति, कृषक समुह/समिति तथा मासु उद्यमी र व्यापारीहरुले प्राथमिकता पाउनेछन् ।

(ग) मीट मार्ट स्थापनाको कार्यक्रम महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, नगरोन्मुख बस्तिहरु तथा घना आबादीयुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी सञ्चालन गरिनेछ । छनौट हुने प्रस्ताव संख्याको आधारमा कार्यक्रमको स्थान विशेष प्राथमिकीकरण गरिनेछ ।

(घ) यस कार्यक्रम अन्तर्गत निर्माण गरीएको मीट मार्ट स्थानीय तह वा नियमानुसारको सरकारी निकायमा आधिकारिक दर्ता र नविकरण हुनु पर्नेछ ।

(ङ) मीट मार्ट स्थापना कार्यक्रममा सहभागी हुन आवेदकले दैनिक कम्तिमा २०० किलो मासु बिक्री वितरण गर्ने गरेको हुनु पर्नेछ ।

(च) मीट मार्ट स्थापना कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

(१) स्वच्छ पिउने पानीको व्यवस्था (ओभरहेड टयांकी स्थापना, पाईप फिटिङ्ग, पानी तान्ने मोटर जडान आदि)
(२) मासु बिक्री कक्ष बनाउने, भित्ता र भुंईमा टायल लगाउने वा मार्वल बिछाउने ।
(३) मीट मार्टवाट निस्कने फोहोर व्यवस्थापन ।
(४) शौचालय र वासिङ्ग वेसिन निर्माण र सुधार ।
(५) डिस्प्ले फ्रीज खरिद ।
(६) अगाडीको आँगन, बाटो, ग्राहक बस्ने स्थानको निर्माण र सुधार ।
(७) मासुको स्वच्छ भण्डारण गर्न डिप फ्रिज, कोल्ड रुम आदिको व्यवस्था ।
(८) उपकरण खरिद जस्तैः मीट कटिङ मशिन, मीट स्लाइसिङ मशिन, स्टेनलेस स्टील टेबल, चपिङ्ग टेबल, चक्कुहरु, डिजिटल तराजु, आदि ।

(छ) मीट मार्टको संरचनामा निम्न बमोजिम मापदण्ड तोकिएको छ ।मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालय अनुदान रकम भुक्तानी दिन बाध्य हुने छैन ।

(१) स्वस्थ पशुको पशु बधशालामा बध गरी नेपाल पशु चिकित्सा परिषदमा दर्तावाल पशु चिकित्सकद्वारा खान योग्य छ भनी प्रमाणित गरीएको मासु र उपयुक्त चिस्यान कायम गरीएको मासु मात्र बिक्री वितरण गर्न पाइने छ ।

(२) आउटलेट न्यूनतम ८०० वर्ग फिटको हुनु पर्ने छ ।

(३) आउटलेटको भित्तामा ६ फिटसम्म सेतो रंगको टायल लगाइएको हुनु पर्ने छ, र भुईमा सेतो रंगको टायल वा मार्बल लगाइएको हुनु पर्ने छ ।

(४) मीट मार्ट वातानुकुलित (Air conditioning) हुने व्यवस्था गर्नुपर्ने छ ।

(५) मीट मार्ट भित्र कम्तीमा ६ वटा डिस्प्ले रेफ्रिजेरेटर राखु पर्ने छ ।

(६) फरक-फरक जातका पशुको मासु छुट्टा छुट्टै राखी बिक्री वितरण गर्नुपर्ने छ।

(७) प्याकेजिङ्ग गरीएको फरक-फरक जातका पशुको मासुलाई अलग अलग रेफ्रिजरेसन प्रयोग गर्नु पर्नेछ।

(८) पसलमा चिस्यान कायम गर्न बिजुलीको बैकल्पिक व्यवस्था (जेनेरेटर) भएको हुनु पर्नेछ ।

(९) गुणस्तर तथा नाप तौल विभागबाट प्रमाणित इलेक्ट्रिक ब्यालेन्स हुनु पर्नेछ ।

(१०) मासु टुक्राउने, प्याकिङ् र लेवल गर्ने मेशिन छुट्टै कोठामा हुनु पर्ने छ ।

(११) मीट मार्ट सञ्चालन हुने क्षेत्र भित्र पशु बध गर्न पाइने छैन।

(१२) मीट मार्टमा कोल्ड रुम रहनु पर्ने छ ।

(१३) पकाएको मासु पनि बिक्री गर्ने हो भने काँचो र पकाएको मासुलाई भिन्दा भिन्दै क्षेत्रमा राखि बिक्री गर्नुपर्ने छ।

## परिच्छेद १०

**(२१) डेरी पसल निर्माण/सुधार कार्यक्रमः**

दुग्ध उत्पादक सहकारी संघ/संस्था, कृषक समुह/समिति, डेरी उद्योग, व्यावसायिक फार्म, कम्पनी, निजी उद्यमीहरु संगको लागत साझेदारीमा डेरी पसल निर्माण/सुधारको कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२२) डेरी पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन प्रकृया**

(क) मन्त्रालय वा तोकीएको कार्यालयले डेरी पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन गर्नका लागि स्वीकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यसै निर्देशिकाको परिच्छेद, ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गरिनेछ ।

(ख) डेरी पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन गर्दा दुग्ध उत्पादन, संकलन र बिक्री वितरणमा संलग्न दुग्ध उत्पादक सहकारी संघ/संस्था, कृषक समुह/समिति, डेरी उद्योग, व्यावसायिक फर्म, कम्पनी, निजी उद्यमीहरुले प्राथमिकता पाउनेछन् ।

(ग) डेरी पसल निर्माण/सुधारको कार्यक्रम उपमहानगरपालिका, नगरपालिका, नगरोन्मुख बस्तिहरु तथा घना आवादीयुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी सञ्चालन गरिनेछ ।

(घ) डेरी पसल निर्माण/सुधार कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा १०० लिटर दुध वा सो बराबरको दुग्धजन्य परिकार बिक्री वितरण गरी रहेको हुनु पर्नेछ ।

(ङ) डेरी पसल निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

(१) बिक्री कक्ष निर्माण, टायल/मार्वल फिटिङ्ग, सिटिङ्ग एरेन्जमेन्ट, बोर्ड/व्यानर आदि ।

(२) मिल्क क्यान, मिल्क कन्टेनर, फ्रिज वा डिप फ्रिज खरिद ।

(३) भेण्डिङ्ग मेशिन खरिद र जडान ।
(४) मिल्क डिस्पेन्सर खरिद।
(५) डेरी पसलको सजावट र फोहोर व्यवस्थापन आदि ।

(च) सुधारिएको डेरी पसल निम्न मापदण्डको हुनु पर्नेछ । अन्यथा मन्त्रालय वा मनत्रालयले तोकेको कार्यालय अनुदान रकम भुक्तानी दिन बाध्य हुने छैन ।

(१) ठूलो पसलको क्षेत्रफल सामान्यतया १२ फिट चौडाई र २० फिट लम्वाई भएको तथा सानो पसलको हकमा लम्वाई १२ फिट र चौडाई १० फिट भएको हुनु पर्नेछ ।

(२) डेरी पसलको ऊचाई १० फिट कायम रहने गरी सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने( Dripping proof) बनाईएको हुनु पर्नेछ।

(३) डेरी पसलको भित्ता पक्की खालको र भित्ताको भित्री भागमा ६ फिट उँचाई सम्म सेतो रङ्गको टायल लगाई त्यस भन्दा माथि सेतो रङ्ग लगाएको हुनु पर्नेछ।

(४) डेरी पसलको विक्री कक्षको भुई नचिप्लने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गरीएको वा टायल/मार्वल लगाई सजिलै सफागर्न सकिने किसिमको हुनु पर्नेछ ।

(५) डेरी पसल तथा आसपासको क्षेत्र सफा र आकर्षक हनुका साथै फोहर व्यवस्थापनको प्रवन्ध भएको हुनु पर्नेछ ।

(६) डेरी पसलमा प्रयोग गरिने औजार/उपकरणहरु खिया नलागेको तथा फुडग्रेड स्टेनलेस स्टीलले वनेको हुनु पर्नेछ ।

(७) डेरी पसलमा काम गर्ने व्यक्तिले एप्रोन, गमवुट, मास्क, क्याप र ग्लोव लगाएको हुनु पर्नेछ ।

(८) डेरी पसलमा झिङ्गा वा अवान्छित जिवजन्तु पस्न नसक्ने किसिमले जाली/ढोकाको व्यवस्था भएको हुनु पर्नेछ ।

(९) डेरी पसलमा डिपफ्रिज वा चिलरको व्यवस्था भएको हुनु पर्नेछ ।

(छ) यस कार्यक्रम अन्तर्गत निर्माण/सुधार गर्न प्रस्तावित डेरी पसल स्थानीय तह वा नियमानुसारको सरकारी निकायमा आधिकारिक दर्ता र नविकरण भएको हुनु पर्नेछ ।

## परिच्छेद ११

### (२३) मासु पसल निर्माण/सुधार कार्यक्रमः

स्थानीय तह, मासु व्यवसायी संघ/समिति, कृषक समुह/समिति, र मासु उद्यमी/व्यापारीहरु संगको लागत साझेदारीमा मासु पसल निर्माण/सुधारको कार्यक्रम सञ्चालन गरिनेछ ।

### (२४) मासु पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन प्रकृयाः

(क) मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयले मासु पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन गर्नका लागि स्वीकृत कार्यक्रम, बजेट र अख्तियारी मुताबिक यसै निर्देशिकाको परिच्छेद, ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

(ख) मासु पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन गर्दा मासुको कारोबारमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने स्थानीय तह, मासु व्यवसायी संघ/समिति, कृषक समुह/समिति, र मासु उद्यमी/व्यापारीहरुले प्राथमिकता पाउनेछन् ।

(ग) मासु पसल निर्माण/सुधारको कार्यक्रम सकभर महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, नगरोन्मुख बस्तिहरु तथा घना आवादीयुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी सञ्चालन गरिनेछ ।

(घ) यस कार्यक्रम अन्तर्गत निर्माण/सुधार गरीएको मासु पसल स्थानीय तह वा सरकारी निकायमा आधिकारिक दर्ता र नविकरण हुनु पर्नेछ ।

(ङ) मासु पसल निर्माण/सुधार कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा १०० किलो मासु बिक्री वितरण गरीरहेको हुनु पर्नेछ ।

(च) मासु पसल निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

(१) स्वच्छ पिउने पानीको व्यवस्था (ओभरहेड ट्यांकी स्थापना, पाईप फिटिङ्ग, पानी तान्ने मोटर जडान आदि)।

(२) मासु पसलको कोठा बनाउने, भित्ता र भुंईमा टायल लगाउने वा मार्वल विछ्याउने ।

(३) पशुवस्तु बध गर्दा निस्कने फोहोर व्यवस्थापन ।

(४) शौचालय र वासिङ्ग वेसिन निर्माण/सुधार ।

(५) पशुको जात अनुसारको मासु अलग अलग राखी बेच्नका लागि शिशाको खण्डीकरण ।

(६) अगाडीको आँगन, बाटो, ग्राहक बस्ने स्थानको निर्माण/सुधार ।

(७) पशुवस्तु काट्ने, भुत्ल्याउने र सफा गर्ने स्ल्याब (टेबुल) निर्माण ।

(८) ताजा मासु राख्ने डिप फ्रिज, फ्रिज आदिको व्यवस्था ।

(९) उपकरण खरिद जस्तैः मासु झुण्डयाउने हुक, स्टेनलेस स्टील टेबल, चपिङ्ग टेबल, चक्कुहरु, तराजु, अचानो आदि ।

(छ) सुधारिएको मासु पसल निम्न मापदण्ड अनुसारको हुनु पर्नेछ । अन्यथा मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालय अनुदान रकम भुक्तानी दिन बाध्य हुने छैन ।

(१) ठुलो आकारको मासु पसलको क्षेत्रफल सामान्यतया १२ फिट चौडाई र २० फिट लम्वाई भएको तथा सानो पसलको हकमा लम्वाई ८ फिट र चौडाई १० फिट भएको ।

(२) पसलको उचाई १० फिट कायम रहने गरी सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने (Dripping proof) गरी बनाईएको ।

(३) भित्ताको भित्री भागमा ६ फिट उचाई सम्म सेतो रंगको टायल लगाई त्यस भन्दा माथि सेतो रंग लगाएको ।

(४) भुईमा नचिप्लने र पानी नजम्ने किसिमले ढलान गरीएको वा टायल/मार्वल लगाई सजिलै सफा गर्न सकिने किसिमको ।

(५) मासु पसलमा सफा पानीको मात्र प्रयोग गर्ने गरीएको ।

(६) मासु पसल हावादार र बिजुलीको सुबिधा भएमा सेतो एल.इ.डी चिमको प्रयोग भएको ।

(७) मासु काट्ने औजार/उपकरण खिया नलागेको तथा गुणस्तरीय स्टेनलेस स्टीलले वनेको ।

(८) मासु राख्ने कोठामा सुर्यको प्रकाश सिधै नपर्ने ।

(९) मासु टुक्राउने अचानो सफा र प्रयोग नभएका बखत छोपेर राखिएको ।

(१०) मासु पसलमा काम गर्ने व्यक्तिले एप्रोन, गमवुट, मास्क, क्याप र ग्लोव लगाएको ।

(११) पसलमा झिंगा वा अवान्छित जिवजन्तु पस्न नसक्ने किसिमले जाली वा ढोका लगाएको ।

(ज) सम्बन्धित साझेदारले स्वस्थकर मासु बिक्री वितरण सम्बन्धी आचार संहिता (Good Meat Handling Practice) र (HACCP) सिद्धान्तको परिपालना गर्न प्रतिवद्ध हुनु पर्नेछ ।

(ञ) सुधारिएको मासु पसलको सामान्य स्वरुप अनुसूची १२ बमोजिमको हुनेछ । तर स्थान विषेशको आवश्यकता मुताबिक सम्बन्धित कार्यालयको परामर्श लिई गरीएको सामान्य परिमार्जन सहितको मासु पसल सुधारमा लागत साझेदारी गर्न बाधा पर्ने छैन ।

## परिच्छेद १२

**२५) सहकारीबाट संचालित दुध प्रशोधन केन्द्रहरुलाई सहयोग कार्यक्रम:**

सहकारीबाट संचालित दुग्ध प्रशोधन केन्द्रहरुको क्षमता वृद्धि गरी कृषकहरुबाट उत्पादन भएको दुधलाई प्रशोधन र बजारीकरणमा सहयोग गर्न सहकारीबाट संचालित दुध प्रशोधन केन्द्रहरुलाई सहयोग कार्यक्रममा आवश्यकताका आधारमा उपकरण सहयोग कार्यक्रम सञ्चालन गरिने छ ।

**२६) सहकारीमा आधारित दुध प्रशोधन केन्द्रहरुलाई सहयोग कार्यक्रम सञ्चालन प्रकृया:**

(क) मन्त्रालयले सहकारीबाट संचालित दुध प्रशोधन केन्द्रहरुलाई सहयोग कार्यक्रम सञ्चालन गर्न वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारी मुताबिक यसै निर्देशिकाको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

(ख) दुग्ध उत्पादक सहकारी संस्थाहरुबाट सञ्चालनमा रहेका साना डेरी उद्योगहरुको प्रशोधन, उत्पादन विविधीकरण र बजारीकरण क्षमता विस्तारका लागि आवश्यक पूर्वाधार विकास तथा मेशिन खरिद कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

(ग) खासगरी दुध उत्पादन पकेट क्षेत्रको रुपमा पहिचान कायम गर्न सफल तथा मानिसको घना आवादीयुक्त शहर वा शहरोन्मुख बस्ति आसपासका क्षेत्रमा साना डेरी उद्योग सञ्चालन गरी दुग्ध प्रशोधन, दुग्ध पदार्थ विविधीकरण र व्यवस्थित बजारीकरणमा संलग्न भएका दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई यस कार्यक्रममा प्राथमिकता प्रदान गरिनेछ ।

(घ) यस निर्देशिका बमोजिम अनुदान उपलब्ध गराई प्रवर्द्धन गरीएका साना डेरी उद्योगहरुमा समेत आधारभूत Code of Practice/GHP/GMP/HACCP स्वच्छता सम्बन्धी अवधारणाहरु अवलम्बन गर्न अभिप्रेरित गरिनेछ।

(ङ) सहकारीबाट संचालित दुध प्रशोधन केन्द्रहरुलाई सहयोग कार्यक्रम अन्तर्गत मन्त्रालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागि खर्च गर्न सकिनेछ ।

(१) डेरी उद्योगको लागि आवश्यक भौतिक संरचना निर्माण/सुधार ।
(२) भुई तथा भित्तामा टायल लगाउने, सम्याउने, कुनाकानी मिलाउने तथा उचित प्रकारको सिलिङ्ग निर्माणका कार्यहरु ।
(३) डेरी उद्योगका लागि आवश्यक मेशीन र उपकरणहरु खरिद तथा जडान ।
(४) प्रकाश/संबातन व्यवस्थापन तथा किरा फट्यांग्रा नियन्त्रण सम्बन्धी कार्यहरु ।
(५) ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण कार्यहरु ।
(६) बिद्युत र पानीको नियमित आपूर्ती सम्बन्धी कार्यहरु ।
(७) दुध राख्ने क्यान, मिल्क पम्प तथा होज पाइप आदिको व्यवस्था ।
(८) व्यक्तिगत सूरक्षाको लागि आवश्यक एप्रोन, मास्क, बुट, टोपी लगायतका सामाग्रीहरु ।
(९) मर्मत संभारमा आवश्यक पर्ने औजार र उपकरणको व्यवस्था ।

(१०) मिल्क एनालाईजर वा गुणस्तर जांचका लागि आवश्यक अन्य उपकरण जडान सम्बन्धी कार्यहरु।

(११) दुध चिस्यान,भण्डारण, प्याकेजिंग गर्नको लागि आवश्यक मेशिन तथा उपकरणको स्थापना।

(ख) सहकारीबाट संचालित दुग्ध प्रशोधन केन्द्रहरुले अनुदान कार्यक्रमा सहभागी हुनका लागि यस निर्देशिका बमोजिमका अन्य प्रावधानहरुका अतिरिक्त निम्न शर्तहरु पुरा गर्नु पर्नेछ ।

(१) सहकारीबाट संचालित दुग्ध प्रशोधन केन्द्रहरुले दैनिक ५०० लिटर वा सोभन्दा बढी प्रशोधित वा अप्रशोधित दुध वा दुग्धजन्य पदार्थ बिक्रीवितरण गर्ने गरेको ।

(२) दुग्ध प्रशोधन केन्द्र सञ्चालन गर्ने स्थलको जग्गा सहकारीको आफ्नै भए सो को लालपूर्जाको फोटोकपी प्रस्तावना संगै संलग्न हुनु पर्ने छ ।

(३) जग्गा भाडामा लिएको भए कम्तिमा १० बर्षको करार/सम्झौता र आवश्यक पूर्वाधार निर्माण गर्न पाउने अनुमती प्राप्त गरेको ।

(४) सम्बन्धित सरकारी निकायबाट उद्योग सञ्चालनको अनुमती प्राप्त गरेको ।

(५) दुध र दुग्धजन्य पदार्थ बिक्रीका लागि बजारको सुलभता भएको ।

(६) स्वच्छ परिचालनका बिधी तथा आचरणहरु (Good Milk Handling Practices) गर्न मञ्जुर भएको ।

(७) कुनै पनि बैंक तथा वित्तीय संस्थाको खराब ऋणी नभएको ।

(८) सम्बन्धित निकायबाट खाद्य अनुज्ञापत्र लिएको ।

## परिच्छेद १३

### (२७) सहकार्यमा मिल्कवार स्थापना कार्यक्रम

प्रदेशको घना बस्ती भएका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउपालिकाहरुमा आम उपभोक्तालाई दुध तथा दुग्ध जन्य पदार्थको सहज उपलब्धता बढाउने पुर्‍याउने उद्देश्यले मिल्कबार स्थापना कार्यक्रम राखिएको हो । यसबाट सहरको पैसा गाउँमा पुर्‍याउने र रोजगारी बढाई समग्र देशको विकासमा टेवा पुग्ने आशा गरीएको छ । मिल्कबार स्थापना कार्यक्रम निजी उद्यमी, जिल्ला दुग्ध उत्पादक सहकारी संघ, दुग्ध उत्पादक सहकारी संस्था र कृषक समुह/समिति सहकार्यमा स्थापना गरिनेछ ।

### (२८) सहकार्यमा मिल्कबार स्थापना वा सुधार कार्यक्रम सञ्चालन प्रकृया:

मन्त्रालयले कार्यक्रम सञ्चालन गर्नका लागि प्राप्त कार्यक्रम बजेट र अख्तियारी अनुसार यसै निर्देशिकाको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ। मन्त्रालयले सहकार्यमा मिल्कबार स्थापना वा सुधार कार्यक्रममा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने स्थानीय तह, सहकारी सँघ/संस्था, कृषक समुह/समितिहरुले प्राथमिकता पाउनेछन।

(क) सहकार्यमा मिल्कबार स्थापना वा सुधार कार्यक्रम सकभर नगरपालिका, नगरोन्मुख बस्तिहरु तथा घना आवादीयुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी सञ्चालन गरिनेछ ।

(ख) यस कार्यक्रम अन्तर्गत निर्माण/सुधार गरीएको मिल्कवार स्थानीय तह वा नियमानुसारको सरकारी निकायमा आधिकारिक दर्ता र नविकरण हुनु पर्नेछ ।

(ग) सहकार्यमा मिल्कबार स्थापना वा सुधार कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा ३०० लिटर दुध वा दुग्ध जन्य पदार्थ बिक्री वितरण गरीरहेको हुनु पर्नेछ ।



प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

(घ) सहकार्यमा स्थापना हुने मिल्कवारले अनुदान कार्यक्रमा सहभागी हुनका लागि यस निर्देशिका बमोजिमका अन्य प्रावधानहरुका अतिरिक्त निम्न शर्तहरु पुरा गर्नु पर्नेछः

(१) मिल्क बार कम्तिमा २०० वर्ग फिटको हुनुपर्नेछ ।

(२) यथासम्भव मिल्कबारमा वातानुकुलित यन्त्र(Air Conditioning) को व्यवस्था हुनुपर्नेछ ।

(३) कम्तीमा ६ वटा Display (Vertical and Horizontal) Freezer हुनुपर्नेछ ।

(४) भित्ता र भुईमा सेता टायल लगाएको हुनुपर्नेछ ।

(५) दुध तथा दुग्ध पदार्थका परिकार मात्र बिक्री वितरण गर्नुपर्नेछ ।

(६) खाद्य तथा गुण नियन्त्रण विभागबाट अनुज्ञा पत्र लिएको हुनुपर्नेछ ।

(७) Generator Back up को व्यवस्था हुनुपर्नेछ ।

(८) मिल्कवार सञ्चालन गर्ने स्थलको जग्गा प्रस्तावक आफ्नै भए सो को लालपूर्जाको फोटोकपी प्रस्तावना संगै संलग्न हुनु पर्ने छ ।

(९) मिल्कवार सञ्चालन गर्ने स्थान भाडामा लिएको भए कम्तिमा ५ बर्षको करार/सम्झौता र आवश्यक पूर्वाधार निर्माण गर्न पाउने अनुमती प्राप्त गरेको ।

(१०) घनाबस्ती तथा मुख्य जक्सन भएको ठाउमा सञ्चालन हुनुपर्नेछ ।

(११) मोबाइल डेरी चिस्यान भ्यान निमार्ण गरी दुध तथा दुग्धजन्य पदार्थको बिक्री वितरण गनुपर्नेछ ।

(१२) व्यवसायी संस्था भ्याटमा दर्ता भएको हुनुपर्नेछ ।

## परिच्छेद १४

### (२९) सहकार्यमा ग्रामीण कुखुराको ह्याचरी स्थापना

स्थानीय कुखुरा तथा ग्रामीण कुखुराको प्रवर्द्धनबाट प्रदेशको तराई तथा मध्य पहाडका दूरदराजका क्षेत्रमा कुखुरापालन व्यवसायबाट रोजगारको सृजना भई थप आयआर्जन हुन जान्छ । यसका साथै कुखुरा पालन व्यवसायबाट मानव स्वास्थ्यका लागि आवश्यक पर्ने फुल तथा मासुको आपूर्ति पनि हुन्छ । स्थानीयजातका कुखराहरु उन्नत जातका कुखुराहरु जस्तो छिटो नबढ्ने तथा फुल पनि कम दिन्छन । तर यी कुखुराहरुमा रोगबाट लड्न सक्ने क्षमता वढी हुन्छ भने बजार मुल्य पनि उन्नत जातको कुखुरा भन्दा वढी नै हुन्छ । व्यवसायिक रुपमा कुखुरा पालन गराउन स्थानीय पोथी कुखुराले ओथारो पारेर निकालेको चल्लाबाट सम्भव हुदैन । त्यसकारण धेरै चल्ला उत्पादनका लागि सहकार्यमा ग्रामीण कुखुराको ह्याचरी स्थापना कार्यक्रमका लागि यो निर्देशिका तयार गरीएको छ ।

### (३०) सहकार्यमा ग्रामीण कुखुराको ह्याचरी स्थापना सञ्चालन प्रकृयाः

मन्त्रालयले कार्यक्रम सञ्चालन गर्नका लागि प्राप्त कार्यक्रम बजेट र अख्तियारी अनुसार यसै निर्देशिकाको परिच्छेद, ३ दफा ५ ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

(क) प्रस्ताव संगै Pre-Feasibility अध्ययन प्रतिवेदन संलग्न भएको हुनु पर्ने छ ।

(ख) Business Plan Profitabable / Sustainable देखिएको हुनुपर्ने छ।

(ग) लेयर्स कुखुरा पालन व्यवसाय तथा चल्ला बिक्री वितरणमा संलग्न व्यवसायी वा यस व्यवसायलाइ व्यवस्थित गर्न चाहने स्थानीय तह, मासु व्यवसायी संघ/समिति, कृषक समुह/समिति /व्यापारीहरुले प्राथमिकता पाउनेछन् ।

(घ) ग्रामीण ह्याचरी निर्माण/सुधारको कार्यक्रम सकभर नगरपालिका, नगरोन्मुख बस्तिहरु तथा घना आवादीयुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी सञ्चालन गरिनेछ ।

(ङ) यस कार्यक्रम अन्तर्गत निर्माण/सुधार गरिने ह्याचरी स्थानीय तह वा नियमानुसारको सरकारी निकायमा आधिकारिक दर्ता र नविकरण हुनु पर्नेछ ।

(च) निजी उद्यमीको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ । यूवा व्यवसायीलाई प्राथमिकता दिईनेछ ।

(छ) ह्याचरी स्थापना नभएका जिल्लाहरुलाई प्राथमिकता दिईने छ ।

(ज) सहकार्यमा स्थापना हुने ग्रामीण ह्याचरीले अनुदान कार्यक्रमा सहभागी हुनका लागि यस निर्देशिका बमोजिमका अन्य प्रावधानहरुका अतिरिक्त निम्न शर्तहरु पुरा गर्नु पर्नेछः

(१) कम्तीमा आफ्नै स्वामित्वको न्यूनतम तराइ क्षेत्रको हकमा १० कठ्ठा र पहाडी क्षेत्रको हकमा ५ रोपनी जग्गा भएको वा लिजमा लिएको हुनुपर्ने।

(२) ग्रामीण ह्याचरी सञ्चालन गर्ने स्थलको जग्गा प्रस्तावकको आफ्नै भएको भए सो को लालपूर्जाको फोटोकपी प्रस्तावना संगै संलग्न हुनु पर्ने छ ।

(३) जग्गा भाडामा लिएको भए कम्तिमा १० बर्षको करार⁄सम्झौता र आवश्यक पूर्वाधार निर्माण गर्न पाउने अनुमती प्राप्त गरेको ।

(४) आफ्नै स्वामित्वमा जग्गा भएको प्रस्तावलाई प्राथमिकता दिइने छ।

(५) फार्म सञ्चालनको हकमा व्यवसायिक पन्छी फार्म तथा ह्याचरी सञ्चालन निर्देशिका, २०७१ तथा ह्याचरी मापदण्ड, २०६२ अनुसार हुनुपर्नेछ।

(६) ह्याचरी सञ्चालन गर्ने स्थान मानव वस्तीबाट टाढा तर वाटो पानी र विजुलीको सुविधा भएको हुनुपर्नेछ।

(७) बैकल्पिक रुपमा बढीमा ५० के.भि.ए. को जेनेटर जडान भएको हुनुपर्नेछ।

(८) Egg Setter र Hatcher को क्षमता कम्तीमा १५०० अण्डा सेट गर्न सकिने हुनु पर्नेछ ।

(९) डयूल पर्पज (न्यू ह्याम्पसायर, अस्ट्रोलोप, गिरीराज आदि) जातका कुखुराको चल्ला उत्पादन गर्नेलाई प्राथमिकता दिइ व्यवसायिक सम्भाव्यताको आधारमा अन्य चल्ला समेत उत्पादन गर्न सकिनेछ ।

(१०) Parent stock र Hatchery Unit छुट्टाछुट्टै स्थापना हुनुपर्नेछ ।

## परिच्छेद १५

### (३१) सहकार्यमा व्यावसायिक ह्याचरी स्थापनाः

उक्त जातका कुखुराहरु वढी भन्दा वढी अण्डा तथा मासु उत्पादनका लागि पाल्ने गरीन्छ । यस्ता जातका कुखुराहरु व्यावसायिक रुपमा पाल्न एकै पटक धेरै चल्लाहरुको आवश्यकता पर्दछ। त्यसकारण धेरै चल्ला उत्पादनका लागि लागत सहकार्यमा व्यावसायिक हयाचरी स्थापना कार्यक्रम सञ्चालनका लागि यो निर्देशिका तयार गरीएको छ ।

### (३२) सहकार्यमा व्यावसायिक ह्याचरी स्थापनाः

(क) मन्त्रालयले कार्यक्रम सञ्चालन गर्नका लागि प्राप्त कार्यक्रम बजेट र अख्तियारी अनुसार यसै कार्य विधिको परिच्छेद ३, दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

(ख) प्रस्ताव संगै Pre-Feasibility Study को प्रतिवेदन संलग्न भएको हुनु पर्ने छ ।

(ग) Business Plan Profitable / Sustainable देखिएको हुनुपर्ने छ।

(घ) लेयर्स कुखुरा पालन व्यवसाय वा पहिला देखिनै ह्ययाचरी व्यावसाय सञ्चालन गरेका व्यवसायीले ह्याचरीलाई थप व्यवस्थित गर्न चाहने व्यवसायी/व्यापारीहरुले प्राथमिकता पाउनेछन् ।

(ङ) ह्याचरी निर्माण/सुधारको कार्यक्रम सकभर नगरपालिका, नगरोन्मुख बस्तिहरु तथा घना आवादीयुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी सञ्चालन गरिनेछ ।

(च) ह्याचरी स्थापना गर्ने स्थानमा वत्ती, पानी र सडकको पूर्वाधार भएको हुनु पर्ने छ ।

(छ) यस कार्यक्रम अन्तर्गत निर्माण/सुधार गरिने ह्याचरी स्थानीय तह वा नियमानुसारको सरकारी निकायमा आधिकारिक दर्ता र नविकरण हुनु पर्नेछ ।

(ज) निजी उद्यमीको सहकार्यमा कार्यक्रम सञ्चालन गरिने भएकाले यूवा व्यवसायीलाई प्राथमिकता दिईनेछ ।

(झ) ह्याचरी स्थापना नभएका जिल्लाहरुलाई प्राथमिकता दिईने छ । सहकार्यमा स्थापना हुने व्यावसायिक ह्याचरीले अनुदान कार्यक्रमा सहभागी हुनका लागि यस निर्देशिका बमोजिमका अन्य प्रावधानहरुका अतिरिक्त निम्न शर्तहरु पुरा गर्नु पर्नेछ:

(१) प्रस्तावक संग प्यारेण्ट स्टक पाल्ने स्थान सहित ह्याचरीको लागि न्यूनतम १ हेक्टर जग्गा आफ्नो वा लिजमा लिएको हुनुपर्ने।

(२) ह्याचरी सञ्चालन गर्ने स्थलको जग्गा प्रस्तावकको आफ्नै भएको भए सो को लालपूर्जाको फोटोकपी प्रस्तावना संगै संलग्न हुनु पर्ने छ ।

(३) जग्गा भाडामा लिएको भए कम्तिमा १० बर्षको करार/सम्झौता र आवश्यक पूर्वाधार निर्माण गर्न पाउने अनुमती प्राप्त गरेको ।

(४) आफ्नै स्वामित्वमा जग्गा भएको प्रस्तावलाई प्रथमिकता दिइने छ।

(५) प्यारेण्ट फार्म सञ्चालनको हकमा व्यवसायिक पन्छी फार्म तथा ह्याचरी सञ्चालन निर्देशिका, २०७१ तथा ह्याचरी मापदण्ड, २०६२ अनुसार हुनुपर्नेछ।

(६) हयाचरी सञ्चालन गर्ने स्थान मानव वस्तीबाट टाढा तर बाटो, पानी र बिजुलीको सुविधा भएको हुनुपर्नेछ।

(७) बैकल्पिक रुपमा बढीमा ५० के.भि.ए. को जेनेरेटर जडान भएको हुनुपर्नेछ ।

(८) Setter र Hatcher को क्षमता कम्तीमा ६००० अण्डा सेट गर्न सकिने हुनु पर्नेछ ।

(९) Parent stock र Hatchery छुट्टाछुट्टै स्थापना हुनुपर्नेछ ।

## परिच्छेद १६

### (३३) सहकार्यमा पशुपन्छी, दाना तथा दाना पदार्थ र पशुजन्य पदार्थको सुरक्षित ढुवानी का लागि ढुवानीको साधन खरिद कार्यक्रम

नेपालमा पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनहरुको बिक्री वितरण अझैपनी सुव्यवस्थित हुन सकेको छैन । एकातर्फ बजारस्थलको प्रर्याप्तताको लागि व्यवस्थित बजारहरुको निर्माण र सञ्चालन आवश्यक देखिन्छ भने अर्को तर्फ ति बजारस्थल सम्म पशु तथा पशुजन्य पदार्थको सुरक्षित ढुवानीको लागि ढुवानीको माध्यम विकास गरी व्यवस्थित गर्नुपर्ने खांचो छ ।ग्रामीण क्षेत्रमा उत्पादन हुने पशु तथा पशुजन्य उत्पादनहरुको प्रतिस्पर्धि बजार मुल्यमा उपलब्धता सुनिश्चित गर्न तथा सुरक्षित ढुवानी मार्फत बजारीकरणमा टेवा पुऱ्याई निर्वाहमुखी एवं छरीएर रहेको पशुपालन क्षेत्रको व्यवसायिक रुपान्तरणका लागि स्थानीय तह, सहकारी संस्था र निजी क्षेत्र समेतको लगानी, सहभागिता र व्यवस्थापनमा पशु तथा पशुजन्य पदार्थको सुरक्षित एवं सुविधायुक्त ढुवानीकालागि ढुवानीको साधन (मासु ढुवानीका लागि रेफ्रिजेरेटेड भ्यान, दुधको ढुवानीका लागि मिल्क टयांकर, जिवित पशुपन्छी तथा माछा ढुवानीका लागि सुविधायुक्त गाडी ) विकास र विस्तार गर्नका लागि पशु तथा पशुजन्य पद्धार्थको सुरक्षित ढुवानीकालागि ढुवानीको साधन खरिद कार्यक्रम सञ्चालन हुनेछ । यसका लागि स्थानीय तह, सहकारी संस्था, व्यवसायिक संघ/संगठन, फर्म, कम्पनी र निजी उद्यमीहरुसँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन हुनेछ ।